मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
स्ट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचमैया बन्चहनु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा कलर भिजिटिङ कार्ड साथै तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ११४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख २७ गते आइतबार ❑ 10 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## विधिको शासनको कार्यान्वयनप्रति न्यायपालिका प्रतिबद्ध छः कामु प्रधानन्यायाधीश

**रासस**
काठमाडौं, २६ बैशाख

सर्वोच्च अदालतका कायम मुकायम प्रधानन्यायाधीश सपना प्रधानमल्लले संवैधानिक सर्वोच्चता, स्वतन्त्र तथा निष्पक्ष न्यायपालिकाको मान्यता, नागरिकका हकअधिकारको संरक्षण तथा विधिको शासनको कार्यान्वयनप्रति न्यायपालिका निरन्तर प्रतिबद्ध रहेको बताउनुभएको छ ।

शनिबार ७४औँ कानुन दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्नुहुँदै उहाँले संवैधानिक सर्वोच्चता, विधिको शासन, मौलिक अधिकार तथा मानव अधिकारको पूर्ण रूपमा प्रत्याभूत गरी न्यायपूर्ण समाजको स्थापना गर्न सबैमा सकारात्मक सोच र भावना प्रदान गर्नुपर्ने बताउनुभएको छ ।

"वर्तमान परिस्थितिमा अलिकति पनि विचलित नभई नेपालको संविधानले परिकल्पना गरेको संवैधानिक सर्वोच्चता, विधिको शासन, मौलिक अधिकार तथा मानव अधिकारको पूर्ण रूपमा प्रत्याभूत गरी न्यायपूर्ण समाजको स्थापना गर्न कानुन दिवसले सबैमा सकारात्मक सोच र भावना प्रदान गर्न सकोस् भन्ने कामनासहित कानुन दिवसको सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।"

न्यायपालिकामा गरिने सुधारको विषय न्यायपालिकाको एकाङ्की विषय नभई न्यायपालिकाको स्वतन्त्रता एवं सुदृढीकरण राज्यका समस्त अङ्गहरूको साझा दायित्व भएको उल्लेख गर्दै उहाँले यस साझा दायित्वको निर्वाहमा सबैको एकजुट एवं समन्वयित प्रयास अपरिहार्य भएको बताउनुभएको छ । सन्देशमा उहाँ भन्नुभएको छ, "न्यायपालिकाले रणनीतिक योजनामार्फत चालेका सुधारका कार्यमा न्यायाधीश, सरकारी वकिल तथा कानुन व्यवसायी, न्यायपालिकामा कार्यरत कर्मचारीलगायत सरोकारवाला निकाय एवम् संस्थाहरूको सकारात्मक सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।"

संविधान, कानुन र न्यायका मान्य सिद्धान्तअनुरूप न्यायपालिकाले न्याय सम्पादन गर्दै आइरहेको उल्लेख गर्दै उहाँले न्यायपालिकाले न्यायिक सुधारलाई संस्थागत र प्रभावकारी बनाउने उद्देश्यले विसं २०६१ देखि रणनीतिक योजना तर्जुमा गरी क्रमिक रूपमा कार्यान्वयन गर्दै आएको बताउनुभयो ।

"हाल पाँचौँ पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनका क्रममा छ, आर्थिक वर्ष २०८१/८२ मा उक्त योजनाका कार्यान्वयन सूचकहरू उत्साहजनक तथा सकारात्मक देखिएका छन्, जसबाट न्यायिक क्षेत्रका विभिन्न आयाममा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । प्राप्त यी उपलब्धिहरूको संरक्षण, संस्थागत सुदृढीकरण तथा सुधार प्रक्रियामा थप प्रभावकारिता अभिवृद्धि गर्न न्यायपालिका दृढतापूर्वक प्रतिबद्ध रहेको", उहाँले भन्नुभयो ।

नेपाल प्रधान न्यायालय ऐन, २००८ विसं २००९ बैशाख २६ गतेदेखि लागू भएको दिनको सम्झनामा प्रत्येक वर्ष बैशाख २६ को दिनलाई कानुन दिवसका रुपमा मनाईंदै आएको छ ।

## टेलिकमका तारलाई व्यवस्थित गर्न पोखरा पर्यटन परिषद्को आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

पोखरा पर्यटन परिषद्ले पोखराका लेकसाइड, डयामसाइड, बेगनास ताल लगायतका क्षेत्रमा रहेका टेलिकमका तारलाई व्यवस्थित गर्न आग्रह गरेको छ ।

परिषद्का अध्यक्ष तारनाथ पहारी नेतृत्वको टोलीले नेपाल टेलिकम पोखरा कार्यालयका प्रमुख प्रेमराज ढुङ्गानालाई ध्यानाकर्षणपत्र बुझाउँदै लेकसाईड, डयामसाईड, बेगनासलगायतका पर्यटकीय क्षेत्रमा अव्यवस्थित तारका कारण यहाँको सौन्दर्यतामा गम्भीर असर परेको जनाएको छ ।

पोखरा क्षेत्रका विभिन्न स्थानमा विद्युतीय तार भूमिगत व्यवस्थापनकार्य तीव्र रूपमा भइरहेका अवस्थामा नेपाल टेलिकमले आफ्ना तार व्यवस्थापनका लागि तत्काल आवश्यक प्रक्रिया अगाडि बढाउन परिषद्ले आग्रह गरेको छ ।

"तारका कारण पर्यटकलाई तस्विर खिच्न तथा दृश्यावलोकनमा कठिनाई भइरहेको छ", ध्यानाकर्षण पत्रमा भनिएको छ, "कतिपय पोलमा तारैतारको गुजुल्टोले गर्दा विदेशी पर्यटकले त्यसलाई ब्ल्याक ट्रिको सङ्ज्ञासमेत दिएका छन् ।"

पर्यटकीय क्षेत्रमा तार भुमिगतकार्य सुस्त रूपमा अगाडि बढेको र त्यस क्रममा खनिएका खाल्डा व्यवस्थित रूपमा नपुरेको कारण कतिपय मुख्य सडक र भित्रि सडकमा वर्षाका कारण थप खाल्डाको आकार बढ्दै जाँदा सवारी साधन फँस्ने, सवारी दुर्घटना निम्त्याउने अवस्था रहेको भन्दै त्यसतर्फ पनि ध्यानाकर्षण गराएको छ । भेटमा परिषद्का महासचिव जीवनराज सापकोटाले पोखरालाई दिगो पर्यटकीय गन्तव्यका साथै स्मार्ट टुरिजम सिटीका रूपमा विकास गर्न पोखरा पर्यटक बसपार्कसहित पोखराका मुख्य पर्यटकीय स्थलमा निःशुल्क ईन्टरनेट सुविधा उपलब्ध गराउन आग्रह गर्नुभयो । नाट्रा गण्डकी प्रदेशका अध्यक्ष किशोर दाहालले पूर्वाधार विकासका काममा विद्युत, टेलिकम, खानेपानीलगायत सरोकारवाला सबैको समन्वय हुनुपर्नेमा जोड दिनुभयो । परिषद्ले आजै नेपाल टेलिकमका गण्डकी प्रदेश प्रमुख वसन्त लिङ्थेपलाई पनि भेटी सो विषयमा जानकारी गराएको छ । परिषद्ले यसअघि विद्युत् भूमिगत आयोजनाका इन्जिनियरसँग पनि भेटेर भूमिगत गर्ने क्रममा पर्यटकीय क्षेत्रको भित्री सडकमा खनिएका खाल्डोलाई व्यवस्थित रूपमा पुर्नका लागि आग्रह गरिसकेको छ ।

## राष्ट्रियताका मुद्दामा सरकारलाई पार्टीको पूरा सहयोग हुन्छ : सभापति थापा

**रासस**
काठमाडौं, २६ बैशाख

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले राष्ट्रियताका मुद्दामा सरकारलाई आफ्नो पार्टीको साथ र सहयोग रहने बताउनुभएको छ ।

पार्टी केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा शनिबार धनगढीमा आयोजित 'प्रदेश र स्थानीय तह केन्द्रित प्रदेशस्तरीय' सुदूरपश्चिम प्रदेशस्तरीय भेलामा उहाँले शासन र अर्थतन्त्रमा सुधार तथा राष्ट्रिय हितका विषयमा सरकारलाई पूरा सहयोग रहने बताउनुभयो । राष्ट्रियताका मुद्दामा कांग्रेसले यो पार्टी त्यो पार्टी कहिल्यै नभनेको स्पष्ट पार्दै सभापति थापाले वर्तमान सरकारलाई पनि सोहीअनुसार सहयोग हुने, तर लोकतन्त्रका आधारभूत पक्षमाथि हुने गलत काम भने स्वीकार्य नहुने बताउनुभयो ।

उहाँले लोकतन्त्रमा कानुनी वैधता नहेरेर नैतिक वैधतालाई हेर्नुपर्नेमा जोड दिनुभयो । "हिजो कांग्रेस सरकारमा रहँदा संवैधानिक परिषद्मा आफ्नो अनुकूलताको निर्णय गराउन तत्कालीन उपसभामुखमाथि महाअभियोग प्रस्ताव लगाउन तयारी गरिएको थियो । हामीसँग सङ्ख्या र आधार पनि थियो, तर पनि महाअभियोगको विपक्षमा उभियौँ", सभापति थापाको भनाइ थियो । उहाँले नेता कार्यकर्तालाई पराजित मानसिकता त्यागेर आआफ्नो जिम्मेवारीअनुसार सङ्गठनको काममा लाग्न निर्देशन दिनुभयो । सभापति थापाले गत निर्वाचनमा पार्टीका उम्मेदवारलाई असहयोग गर्ने नेता कार्यकर्तालाई केही समय जिम्मेवारीबाट बाहिर राखिने पनि उल्लेख गर्नुभयो ।

पार्टीका उपसभापति एवं प्रशिक्षण प्रतिष्ठानका संयोजक विश्वप्रकाश शर्माले नवीन ऊर्जाका साथ पार्टीलाई सम्हालेर अघि बढ्ने समय आएको बताउनुभयो । उहाँले भन्नुभयो,"अब कांग्रेसले नयाँ ढङ्गले सोच्नुपर्ने समय आएको छ । अब पार्टी मात्र होइन, समाजलगायत सबैलाई सम्हालेर साझा सङ्गठन बनाउने जिम्मेवारी आएको छ ।"

महामन्त्री गुरुराज घिमिरेले पार्टीभित्र कसैप्रति कुनै आग्रह पूर्वाग्रह नराखेर पार्टी सङ्गठन एकीकृत र सुदृढ पार्दै अघि बढ्ने बताउनुभयो । पार्टीमा कुनै अवसर नपाएर किनाराकृत गरिएका क्षमतावान् र निष्ठावान् नेता कार्यकर्ताको उचित मूल्याङ्कन गरिने पनि उहाँको भनाइ थियो ।

कार्यक्रममा कांग्रेस सुदूरपश्चिम प्रदेश संसदीय दलका नेता एवं मुख्यमन्त्री कमलबहादुर शाहले पार्टीलाई एक ढिक्का बनाएर लिनुपर्नेमा जोड दिनुभयो । उहाँले पार्टीमा महत्वपूर्ण योगदान गरेका पूर्वसभापति शेरबहादुर देउवालगायत नेताको सम्मानजनक अवस्थाका लागि ध्यान दिन पार्टी नेतृत्वलाई आग्रह गर्नुभयो ।

## मुदी गाउँमा धौलागिरि आरोहण दिवस मनाइँदै


**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

संसारका आठ हजार मिटरभन्दा अग्ला १४ हिमालमध्ये सातौँ स्थानमा पर्ने धौलागिरि हिमालमा पहिलोपटक मानव पाइला पुगेको दिनका अवसरमा 'धौलागिरि आरोहण दिवस' मनाइँदैछ ।

यही वैशाख ३० गते बुधबार धौलागिरि हिमालमा पहिलोपटक मानव पाइला पुगेको ६६ वर्ष पूरा हुँदैछ । सन् १९६० मे १३ मा स्विस-अस्ट्रियन संयुक्त आरोहण दलका म्याक्स आइसेलिनको नेतृत्वमा गएका दुई नेपालीसहित सात जना आरोहीले धवलागिरि हिमालको सफल आरोहण गरेका थिए । सोही दिनको सम्झनामा हरेक वर्ष मे १३ तारिखमा धौलागिरि आरोहण दिवस मनाउने गरिएको छ । यस वर्ष पनि विविध कार्यक्रमसहित उक्त दिवस मनाउने तयारी भइरहेको ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीले जनाएको छ । गत वर्ष पोखरामा 'धौलागिरि पदयात्रा, समस्या, चुनौती र समाधान' विषयक अन्तर्क्रियासहित सो दिवस मनाइएकामा यसपटक धवलागिरि हिमालको काख म्याग्दीको धौलागिरि गाउँपालिका-४ मुदी गाउँमा यो दिवस मनाइने टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले बताउनुभयो । "६६औं धौलागिरि आरोहण दिवससहित धौलागिरि


बाँकी अन्तिम पृष्ठमा ▶▶







## नवनिर्वाचित आत्रेय र ओझालाई लेउवा संघको बधाई एवं सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

नेपाल उद्योग वाणिज्य संघको हाले सम्पन्न ६० औं निर्वाचनबाट कार्यकारिणी सदस्य पदमा अत्याधिक मतका साथ निर्वाचित भएका संघका पूर्व अध्यक्ष छत्रधर आत्रेय र गण्डकी प्रदेश उद्योग वाणिज्य संघको कोषाध्यक्षमा निर्वाचित संघका पूर्व बरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझालाई शनिबार एक कार्यक्रमका विच बधाई तथा सम्मान व्यक्त गरिएको छ ।




कार्यक्रममा बधाई ज्ञापन एवं सम्मान गर्दै संघका अध्यक्ष जानुका पराजुली अधिकारीले नवनिर्वाचित आत्रेय र ओझा केन्द्रीय कार्यकारिणी सदस्य र गण्डकी प्रदेशको कोषाध्यक्षमा निर्वाचित हुँदा लेखनाथ उद्योग वाणिज्य संघ परिवार हर्षित भएको बताउँदै यसबाट विगतदेखी नै उत्कृष्ट भएको संघको छवि अझै उच्च भएको बताएकी थिईन । अध्यक्ष पराजुलीले नवनिर्वाचित द्वयलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै यस क्षेत्रका व्यवसायीहरुका साझा समस्याहरुलाई केन्द्रीय तहसम्म आवाज उठाउन संघ अझै सफल हुने विश्वास व्यक्त गरेकी थिईन । उक्त अवसरमा महासंघका पूर्व केन्द्रीय सदस्य बाबुराम गिरीले सम्पुर्ण लेखनाथवासीहरुको एकताले नै यो सफलता मिलेको बताउँदै आगामी दिनमा अझै एकतावद्ध भएर अगाडि वढ्नुपर्नेमा जोड दिएका थिए । संघका संस्थापक अध्यक्ष चन्द्रकृष्ण पराजुलीले आत्रेय र ओझाको विजय लेखनाथवासीहरुको मात्र जित नभई सम्पुर्ण नेपालका उद्योगी व्यवसायीहरुको जित भएको बताउँदै सोही बमोजिमको जिम्मेवारी निभाउन आग्रह गर्नुभएको थियो । गण्डकी प्रदेश उद्योग वाणिज्य संघको कोषाध्यक्षमा नवनिर्वाचित संघका पुर्व वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझाले संघमा आवद्ध सम्पुर्ण उद्योगी व्यवसायीहरुको साथ र सद्भावले नै आफु निर्वाचित हुन सफल भएको बताउँदै आगामी दिनमा सम्पुर्ण व्यवसायीहरुको भावना र मर्मबमोजिम अगाडी वढ्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

यस्तै महासंघको कार्यकारिणी सदस्य पदमा निर्वाचित संघका पूर्वअध्यक्ष छत्रधर आत्रेयले निर्वाचनमा संघले खेलेको भुमिका महत्वपुर्ण रहेको बताउँदै संघमा आवद्ध व्यवसायीहरुको एकता नै आफ्नो लागी शक्ति बनेको र आफु अत्याधिक मतका साथ निर्वाचित हुन सफल भएको बताएका थिए । उनले संघले गरेको सम्मानले आफुलाई अझै उर्जा मिलेको र आगामी दिनमा संघको गरिमा वढ्ने किसिमका कार्यहरु गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए । संघका अध्यक्ष जानुका पराजुली अधिकारी अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव भरतराज ओझा र धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष गोपिचन्द्र बाँस्तोलाले गरेका थिए ।

का.जि.द.नं. ५६/०५६
हु.नि.पो.द.नं. ०१/०७९/०८०


# न्याण्डममा 'मगर जातिको इतिहास र भर्तीको फन्दा'को परिचर्चा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

न्याण्डम रिडर्स सोसाइटीको नियमित किताब परिचर्चा कार्यक्रमको १२६ औं श्रृखलामा पत्रकार, इतिहासकार, लेखक अधिवक्ता मनोज घर्तीमगरका कृतिहरूमा आधारित रहेर "मगर इतिहासदेखि भर्तीको फन्दासम्म'' विषयक परिचर्चा कार्यक्रम गरिएको छ।

पठन संस्कृतिको विकासको लागि लेखक र पाठकलाई बौद्धिक विमर्शको कार्यक्रम मार्फत जोड्न सोसाइटीले हरेक महिनाको अन्तिम शनिबार परिचर्चा कार्यक्रम गर्दै आएको छ।



कार्यक्रममा लेखक मेजन पुनले मनोज घर्तीमगरका दुई पुस्तक 'मगर जातिको इतिहास' र 'भर्तीको भन्दा' किताबामाथि कार्यपत्र प्रस्तुत गरेका थिए । 'लेखकले गोर्खा भर्तीले नेपाली समाजमा पारेका सकरात्मक र नकरात्मकप्रभावसहितनलेखिएको इतिहासमाथी कलम चलाएका छन्' कार्यपत्र प्रस्तुतकर्ता मेजनले भने,'आदिवासी मतुवाली जातिका युवाहरुलाई उर्दी नै लगाएर मर्नकै लागि भर्ती गरिएको नीतिको बारेमा लेखकले थप तथ्य उजागर गरेका छन् ।' परिचर्चाकार मेजन पुनले अनुसन्धान गर्ने कार्य निकै चुनौतीपूर्ण रहेको भएपनि लेखकले ती सबै चुनौतीलाई सामाना गर्न तम्तयार भइ नलेखिएका र उत्खनन नगरिएका विषयमा कलम चलाएको बताए। 'भर्तीको फन्दा केवल गोर्खा भर्तीको इतिहासमा सीमित छैन, यसले नेपाली समाज, मगर, गुरुङ, राई, लिम्बू लगायतका समुदायहरूको जीवन, संस्कार, संघर्ष र मनोविज्ञानलाई गहिरो रूपमा विश्लेषण गरेको छ' उनले भने,'लाहुरे संस्कृतिको आकर्षण र त्यसका अन्तरनिहित पीडाहरूलाई ऐतिहासिक प्रमाण र जीवन्त कथनमार्फत प्रस्तुत गरिएको यस पुस्तकले स्थापित धारणा र विमर्शलाई नयाँ दृष्टिकोणबाट पुनर्विचार गर्न प्रेरित गरेको छ।' उनले इतिहास तथा संस्कार र संस्कृति गरि दुई भागमा विभाजित ''मगर जातिको इतिहास'' ले मगर जातिको इतिहास संरक्षणमा थप टेवा पुग्ने गरि लेखिएको हुँदा पुस्तक पठनीय भएको सुनाए । 'मगर जातिको इतिहास' पुस्तकको प्रकाशक हङकङ निवासी कविता थापामगर हुन् भने २०७१ सालमा प्रकाशित भर्तीको फन्दा पुस्तकको परिमार्जित दोस्रो संस्करणको प्रकाशन पिपलतुङ रिसर्च एण्ड डेभलपमेन्ट हब ललितपुरले गरेको हो । इतिहासकार एवं लेखक मनोज घर्तीमगरले गोर्खा भर्तीको इतिहासलाई केवल गौरवगाथाको रूपमा मात्र नभई आलोचनात्मक दृष्टिले हेर्ने प्रयास गरिएको बताए। उनले मगर समुदायको लेख्य इतिहास परम्परा कमजोर रहेकाले मगर इतिहास दस्तावेजीकरणका लागि मगर जातिको इतिहास लेखेको सुनाए । नेपाल खुल्ला विश्वविद्यालयमा मगर इस्टजिका अध्यापक समेत रहहेका लेखकले त्रिभुवन विश्वविद्यालयबाट इतिहास विषयमा पिएचडी गर्दैछन्। कार्यक्रमा उदय अमात्य, रुद्र सन्देश मगर, बुद्धि गुरुङ, स्ट्रगल राना, विकास लुङ्गेलीमगर, लोचना अधिकारी, मनोज सुवेदी, नुनु रानामगर, कविता घर्तीमगर, रोशन तल्कोटे, सिंह बहादुर गुरुङ लगायतले कार्यपत्रमाथि टिप्पणी र प्रश्न गरेका थिए । संस्थाका अध्यक्ष दिपक पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा गोर्खा भूतपूर्व सैनिकहरू, नेपाल मगर संघका विभिन्न इकाइका प्रतिनिधिहरू,कवि, लेखक,समालोचकको सहभागिता रहेको कार्यक्रमलाई संस्थाका सचिव ध्रुव केसीले संचालन गरेका थिए।

# '१३ कि.मी. भर्टिकल रन २०२६' मा पुरुष तर्फ गौतम श्रेष्ठ र महिला तर्फ पदम कुमारी सुनुवार विजेता

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

पोखरामा शनिबार सम्पन्न भएको '१३ के भर्टिकल रन २०२६' मा पुरुषतर्फ गौतम श्रेष्ठ र महिलातर्फ पदम कुमारी सुनुवार प्रथम हुन सफल हुनु भएको छ।

पोखरा महानगरपालिका-१३ स्थित बाभ्क्रापाटन, काँहुखोलामा रहेको श्री सत्य युवा सेवा समितिको आयोजनामा पोखरा १३ मा पहिलो पटक आयोजना भएको प्रतियोगितामा पुरुष तर्फ श्रेष्ठ र महिला तर्फ सुनुवार प्रथम हुनु भएको हो।




पुरुषतर्फको प्रतिस्पर्धामा गौतम श्रेष्ठले नगद रु. १३ हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो। त्यसैगरी महेन्द्रबहादुर बोगटी द्वितीय हुँदै रु. ९ हजार प्राप्त गर्दा अजय पाण्डे क्षेत्री तृतीय हुँदै रु. ५ हजार पुरस्कार हात पार्नुभयो।

महिलातर्फ पदम कुमारी सुनुवार प्रथम हुँदै रु. १३ हजार पुरस्कार जित्न सफल हुनुभयो। यमुना घर्ती मगर द्वितीय हुँदै रु. ९ हजार तथा बिपना रसाइली तृतीय हुँदै रु. ५ हजार नगद पुरस्कार प्राप्त गर्नुभयो । प्रतियोगिताका विजेताहरूलाईपोखरामहानगरपालिका-१३ का वडाध्यक्ष किरण बराल, समितिका अध्यक्ष हितमान गुरुङ, सचिव महेश आचार्य, अग्रज पत्रकार सोभाकान्त सिग्देल लगायतले नगद पुरस्कार, मेडल तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो । कार्यक्रममा सहभागी अन्य धावकहरूलाई पनि 'फिनिसर मेडल' र प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ।

प्रतियोगिताले पोखरा-१३ क्षेत्रमा खेलकुद गतिविधिको प्रवर्द्धन गर्नुका साथै युवाहरूलाई स्वास्थ्य र खेलप्रति आकर्षित गर्न महत्त्वपूर्ण योगदान पुगेको आयोजक समितिको विश्वास रहेको छ।

# सिनेमा संवादमा बजार, कन्टेन्ट र व्यावसायिकता माथि मन्थन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

चलचित्र पत्रकार संघ नेपाल कास्कीको आयोजनामा पर्यटकीय गाउँ ल्वाङमा भएको 'सिनेमा संवाद' चलचित्रका विभिन्न विषयमा छलफल गरी सकिएको छ।




सिनेमा संवादको चौथो संस्करण नेपाली चलचित्र क्षेत्रका विविध आयाम, चुनौती र सम्भावनाबारे चलचित्रकर्मी, पत्रकार र स्थानीयबीच गहन छलफल भएको थियो । कार्यक्रमको दोस्रो दिन शनिबार गण्डकी प्रदेशका प्रेस रजिष्ट्रार विमला भण्डारीले 'क्लाप' गरी उद्घाटन गरेको कार्यक्रममा उनले सिनेमा समाजको ऐना मात्र नभई विचारको संवाहक र आर्थिक समृद्धिको इन्जिन भएको बताइन् । उनले आजको डिजिटल युगमा फैलिएका भ्रमपूर्ण र मिथ्या सूचना चिर्न चलचित्रकर्मीले जिम्मेवार भूमिका खेल्नुपर्ने र कलाकारहरू केवल विज्ञापनका पात्र नभई समाजका रोल मोडल बन्नुपर्नेमा जोड दिइन्। माछापुच्छ्रे गाउँपालिकाकी उपाध्यक्ष सीता अधिकारी र वडा नं ८ का वडाध्यक्ष राम गुरुङले यस्ता कार्यक्रमले ग्रामीण पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने धारणा राखे । पहिलो दिनको साँझ स्थानीय ल्वाङ होमस्टेमा 'सिनेमा साँझ' समेत आयोजना गरिएको थियो । जहाँ कलाकार र स्थानीयबीच सांगीतिक र भावनात्मक साटासाट भएको थियो । उद्घाटन सत्रपछि सिनेमाका प्राविधिक, व्यावसायिक र सिर्जनात्मक पक्षमा केन्द्रित रहेर चारवटा छुट्टाछुट्टै सत्रमा संवाद सञ्चालन गरिएको थियो। पहिलो सत्रमा 'ग्लोबल मार्केटमा नेपाली सिनेमा' विषयमा लेखक तथा निर्देशक सामिप्यराज तिमिल्सिनाले नेपाली सिनेमा बर्लिन र कान्स जस्ता प्रतिष्ठित महोत्सवमा पुगिसकेकाले अब बजार विस्तारमा ध्यान दिनुपर्ने बताए । उनले 'उनको स्वीटर' ले विदेशबाट ६ करोड र 'जेरी एण्ड टप' ले साढे ३ करोडको व्यापार गरेको तथ्यांक प्रस्तुत गर्दै नेपाली फिल्मको बजार विश्वव्यापी भइसकेको दाबी गरे। अभिनेत्री बेनिशा हमालले बलियो कथा भए बजेटले सिर्जनालाई नरोक्ने अनुभव सुनाइन् । दोस्रो सत्रमा 'नयाँ पुस्ता र नेपाली सिनेमा' बारे छलफल भएको थियो। नायिका आचल शर्माले पुराना पुस्ताको कडा मेहनत र अनुशासनलाई पछ्याउँदै नयाँ पुस्ताले सिर्जनात्मक र फरक विषयवस्तु पस्कनुपर्ने बताइन् । उनले परम्परागत कथावाचनको शैली तोड्न नयाँ पुस्ता तयार रहेको उल्लेख गरिन् । नायक सलोन बस्नेतले चलचित्र निर्माणको प्रणालीमा रहेका कमजोरी सुधार्नुपर्ने बताए भने नायिका सनिशा भट्टराईले महिला सशक्तीकरणका विषयमा थप चलचित्र बन्नुपर्नेमा जोड दिइन् । तेस्रो सत्र 'सिनेमामा द्वन्द्व' विषयमा केन्द्रित रह्यो। अभिनेता निखिल उप्रेतीले द्वन्द्वलाई दार्शनिक ढंगले परिभाषित गर्दै यो केवल कुटाकुट नभई परिस्थितिको स्पष्टता भएको बताए । उनले विश्व बजारमा द्वन्द्वप्रधान फिल्मको वर्चस्व रहेको चर्चा गर्दै नेपाली फिल्मले स्वदेशमै विदेशी फिल्मको प्रभाव कम गर्नुपर्नेमा जोड दिए।

निर्देशक मनोज पण्डितले भने ९० प्रतिशत फिल्मले निर्मातालाई रुवाइरहेको यथार्थ सुनाउँदै दर्शकलाई अनुभूति गराउने गरी गुणस्तरीय सिनेमा बनाउनुपर्ने तर्क गरे । उनले विदेशी चलचित्रले नेपालबाट वार्षिक २५ देखि ३० करोड रुपैयाँ लैजाने गरेको तथ्यांक समेत प्रस्तुत गरे।

अन्तिम सत्रमा 'कन्टेन्ट क्रिएटर भर्सेस नेपाली सिनेमा' विषयमा संवाद भयो। कन्टेन्ट क्रिएटर इस्टु कार्की र महेश भण्डारीले सामाजिक सञ्जाल र सिनेमा एकअर्काका परिपूरक भएको बताए। कार्कीले आफू पैसाका लागि भन्दा पनि समाजमा प्रभाव पार्ने पात्र निभाउन रुचाउने बताइन् भने भण्डारीले कलाकारितामा प्यासनसँगै पैसाको हिसाब-किताब पनि महत्वपूर्ण हुने यथार्थलाई स्वीकार्नुपर्ने औंल्याए। संघका अध्यक्ष सन्तोष बस्यालले यस कार्यक्रमले चलचित्रकर्मी र पत्रकारबीचको सम्बन्धलाई थप सुमधुर बनाउने विश्वास लिएका छन्। संवादमा भएका छलफलका विषय बस्तु नेपाली चलचित्रको दायरा फराकिलो बनाउने उनको भनाइ थियो । घान्द्रुक, सिक्लेस र घलेगाउँपछि ल्वाङमा सम्पन्न यो चौथो शृखंलाले नेपाली सिनेमाको विकासका लागि नयाँ बहसको सुरुवात गरेको संस्थापक अध्यक्ष श्रीराम सिग्देल र पूर्व अध्यक्ष अरुण गिरीले बताए।

ककार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधवप्रसाद बराल लगायतले सिनेमा संवाद पछिल्लो समय एउटा स्थापित ब्राण्ड बनेको चर्चा गरे । नेपाली चलचित्रको पर्दामा देखिने कलाकारहरूलाई आफ्नै गाउँमा पाउँदा ल्वाङका स्थानीय बासिन्दाहरू समेत हर्षित देखिएका थिए।

# गण्डकी स्पोर्टस क्लबको अध्यक्षमा दीपकराज मुल्मी

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

गण्डकी स्पोर्टस क्लबको अध्यक्षमा दीपकराज मुल्मी चयन भएका छन्।




क्लबको शनिबार पोखरामा सम्पन्न दोस्रो अधिवेशन तथा चौथो साधारणसभाले आगामी दुई वर्षे कार्यकालका लागि मुल्मीको नेतृत्वमा सर्वसम्मत् १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ। जसको वरिष्ठ उपाध्यक्ष मिलन पुन, प्रथम उपाध्यक्ष इनोज रञ्जित र द्वितिय उपाध्यक्ष द्रव्यजंग राणा छन् । त्यसैगरी, सचिव चेतनाथ चालिसे, सह-सचिव बिकी गुरुङ, कोषाध्यक्ष विकास बिजुक्छे र सह-कोषाध्यक्ष सुजन गुरुङ (रेयस) छन् । त्यस्तै, सदस्यहरुमा राजकुमार गुरुङ, अनिरुद्र उदास, गुमबहादुर थापा (ईमान), दमनजंग राणा, नविन थापामगर, सुबिन गुरुङ, मनोजकुमार गुरुङ, बासु जिसी र राजेश श्रेष्ठ छन् । प्रमुख अतिथि एन्फा कास्की तथा पूर्व राष्ट्रिय फुटबल खेलाडी मोतीमान शाक्यको संयोजकत्वमा गठित निर्वाचन मण्डलद्वारा सर्वसम्मत् नयाँ कार्यसमिति गठन गरेको हो।

नयाँ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई शनिबार नै गोपनीयताको शपथ तथा पदभार ग्रहण गराइएको छ।

निर्वाचन मण्डल र क्लबका निवर्तमान अध्यक्ष उमेश सिकेले उनीहरुको पद तथा गोपनीयताको सपथ तथा पदभार ग्रहण गराएका हुन् । कार्यक्रममा निवर्तमान सह-सचिव चेतनाथ चालिसेले सचिवको प्रतिवेदन र निवर्तमान कोषाध्यक्ष विनोद गुरुङले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरे।

कार्यक्रममा निवर्तमान अध्यक्ष सिके, प्रमुख अतिथि शाक्य र सदस्य बिकी गुरुङले शुभकामना मन्तव्य राखे । निवर्तमान अध्यक्ष उमेश सिकेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा निवर्तमान सदस्य अनिरुद्र उदासले स्वागत मन्तव्य र सह-सचिव चेतनाथ चालिसेले कार्यक्रम संचालन गरेका थिए । वि.सं. २०५५ मा पोखरामा स्थापना भएको क्लबले स्थानीय क्षेत्रमा फुटबल, भलिबल र क्रिकेट खेलहरु संचालन गर्दै आएको छ।

# मनास्लुको फेदीमा हीरक महोत्सव मनाइयो

**पोखरापत्र संवाददाता**
गोरखा, २६ बैशाख

मनास्लु हिमाल पहिलो पटक आरोहण गरेको स्मरणमा हीरक जयन्ती मनाइएको छ । जिल्लाको चुमनुब्री गाउँपालिका-१ सामागाउँमा अवस्थित आठ हजार १६३ मिटर अग्लो मनास्लु हिमाल आरोहणको अवसरमा हीरक जयन्ती मनाइएको हो।

चुमनुब्री गाउँपालिकाको आयोजना तथा मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप), नेपाल पर्वतारोहण सङ्घ, ट्रेकिङ एजेन्सिज एशोएसन (टान) लगायत संस्थाको सहआयोजनामा आज यहाँ हीरक जयन्ती मनाइएको हो । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले हीरक जयन्तीको उद्घाटन गर्दै यो पर्यटन प्रवर्द्धनमा एक महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको बताउनुभयो।

सो अवसरमा मनास्लुको प्रथम आरोही जापानी नागरिक तोसीयो इमानिसी र उर्गेन छिरिङ शेर्पाको सालिक अनावरण गरिएको छ । मुख्यमन्त्री पाण्डे, गाउँपालिकाका अध्यक्ष निमा लामाले जापानी आरोहीका छोरा कुनियो इमानिसी, नाति रसोयुके इमानिसीलाई प्रमाणपत्र, दोसल्ला ओढाएर सम्मान गर्नुभयो। साथै सामागाउँका प्रथम आरोही मिङ्मार छिरिङ लामा, नाङ्स्याल छेदेन र डिकी लामालाई पनि सम्मान गरिएको छ।

## मुदी ...

गाउँपालिकाका पर्यटकीय गन्तव्य तथा पदमार्ग प्रवर्द्धन कार्यक्रम एकैसाथ गर्दैछौँ", उहाँले भन्नुभयो, "दिवसको औपचारिक समारोहमा धवलागिरि हिमाल आरोहण गरेका आरोहीलाई सम्मान गरिनेछ।" टान गण्डकीको आयोजना, गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन र धौलागिरि गाउँपालिकाको समन्वयमा उक्त दिवस मनाउन लागिएको आचार्यले जानकारी दिनुभयो । कार्यक्रममा गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री यशोधा रिमालको प्रमुख आतिथ्यता रहने जनाइएको छ। आठ हजार १६७ मिटर अग्लो धौलागिरि हिमाल आरोहण गर्ने पहिलो आरोहण दलमा नेपालबाट निमा दोर्जी शेर्पा र ङवाङ्ग दोर्जी शेर्पा सम्मिलित हुनुहुन्थ्यो । धौलागिरि हिमालमा पहिलोपटक गरिएको आरोहणलाई नेपालको पर्वतारोणको इतिहासमा महत्त्वपूर्ण दिनका रूपमा स्मरण गर्ने गरिएको टान गण्डकीका अध्यक्ष आचार्यले बताउनुभयो। हिमाल आरोहणसँगै पदयात्रा पर्यटनका लागि धौलागिरि क्षेत्रलाई विश्वकै आकर्षक गन्तव्यका रूपमा विकास गर्न सकिने उहाँको भनाइ छ। पर्यटनका लागि प्रशस्त सम्भावना भएर पनि धौलागिरि क्षेत्र पर्यटन पूर्वाधार र प्रचारप्रसार अभावमा पछाडि परेको छ। विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्ग नासिँदै र छोटिँदै गएका बेला धौलागिरि चक्रीय पदमार्ग त्यसको विकल्प बन्न सक्ने पर्यटन क्षेत्रका अगुवा बताउँछन् । धौलागिरि हिमाल साहसिक पर्वतारोहीको आकर्षणमा पर्ने गरेको छ। नेपालका अन्य हिमालको भन्दा फरक आरोहण अनुभव हुने आरोहीहरूको भनाइ छ । यहाँको भू-बनोट र हावापानीका कारण धौलागिरि हिमाल आरोहणलाई जोखिमयुक्त मानिन्छ। टान गण्डकीका अध्यक्ष आचार्यले गण्डकी प्रदेशमा पर्ने आठ हजार मिटरमाथिका धौलागिरि, अन्नपूर्ण र मनास्लु हिमाल आरोहण दिवसमा पर्यटन प्रवर्द्धनका लागि विविध कार्यक्रम गर्दै आइएको बताउनुभयो।

"आयुर्वेदोऽमृतानामः"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. विनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# कर्मचारीलाई दलमुक्त बनाउन प्रयत्न

राष्ट्रिय स्वतन्त्र पार्टीका बरिष्ठ नेता वालेन्द्र शाह नेतृत्व सरकारले अध्यादेशमार्फत कर्मचारीहरूलाई दलमुक्त बनाउन प्रयत्न गरेको छ । निजामती सेवा ऐनमा भएको ट्रेड युनियनको खारेजीले कर्मचारी बृत्तमा तरंग सिर्जना गरेको छ । अन्तर्राष्ट्रिय मान्यता अनुसार  कर्मचारी पनि श्रमिक हुन् । उनीहरू संगठित हुने र सामूहिक सौदाबाजी गर्न पाउने हक हुने लोकतान्त्रिक मुलुकहरूको अभ्यास पनि देखिन्छ । नेपालको कानुनले  पनि ट्रेड युनियनलाई, दलमै आबद्ध भएर सेवा प्रवाह र सुशासनलाई पंगु बनाउनेसम्म हर्कत नेपालमा हुँदै आयो ।

तसर्थ, शाह सरकार ट्रेड युनियनको परिकल्पना गरिएको कानुनी प्रावधान नै हटाउन अघि बढ्यो । जुन सोच आधुनिक नेपालका लागि  यो संविधानको धारा ३४ को उपधारा ३ मा कानुनबमोजिमको  ट्रेड  युनियन हुने व्यवस्था छ । यसको मतलब दलीय संघसंगठन हुन पाउने भन्ने होइन, सोही मुताबिक नै शाह सरकार कर्मचारीतन्त्रलाई दलमुक्त गर्न अघि बढेका रूपमा बुझ्न सकिन्छ । निष्पक्ष र जनमुखी प्रशासन हुनुपर्नेमा दलीय प्रभाव कर्मचारीतन्त्रमा ज्यादा भएकै हो ।

सरकारलाई नै काम गर्न अप्ठ्यारो पार्ने र जनताप्रति कत्ति उत्तरदायी नहुने थेत्तरो कर्मचारीतन्त्रबाट नेपाली जनता आजित भएकै हुन् । कर्मचारी आफ्नो स्वार्थका लागि कति निकृष्ट व्यवहारमा उत्रन्छन् भन्ने थाहा पाउन उच्चपदस्थ कर्मचारीले निजामती ऐनमा भएको दुई वर्षे कुलिङ अवधिको व्यवस्था नै उल्ट्याएको निकट विगतको उदाहरण काफी छ । शाह सरकारले भने कुलिङ पिरियड व्यवस्था गरिदिएको छ ।

जसको सरकार बने पनि कर्मचारीतन्त्रको दलतन्त्र र प्रवृत्ति उही हुँदा जनताले परिवर्तन महसुस गर्न पाएका थिएनन् एकपटक लोकसेवा उत्तीर्ण गरेपछि सधैं जागिर रहिरहने व्यवस्थालाई पनि परिवर्तन गर्दै अध्यादेशमार्फत सरकारले बर्खास्तीसम्म प्रावधान राखेको छ, जुन कर्मचारीलाई जनता र सरकारप्रति उत्तरदायी बन्न बाध्य पार्ने खालेको छ । कर्मचारीहरूको ट्रेड युनियनले राजनीतिक दलको ‘भ्रातृ संगठन’को रूप धारण गरेकै थियो । नयाँ व्यवस्थाले कर्मचारीलाई कुनै पनि राजनीतिक दलको सदस्य हुन नपाउने, राजनीतिक क्रियाकलापमा भाग लिन नपाउने र सामाजिक सञ्जालमा समेत राजनीतिक टिप्पणी गर्न नपाउने जुन प्रावधान ल्याएको छ, त्यो अत्यन्तै दूरगामी महत्वको कदम हो । यो कर्मचारीको अधिकार कुण्ठित गर्नेभन्दा पनि उनीहरूलाई दलमुक्त गर्ने कदम हो ।

नेपालको सार्वजनिक प्रशासनलाई दलको छायाँबाट मुक्त गरी व्यावसायिकताको उज्यालोमा फर्काउने एउटा महत्वपूर्ण र सकारात्मक सुरुवात वालेन्द्र सरकारले गरेको छ । यसको विरोधमा आवाज उठ्छन् नै किनभने कर्मचारीतन्त्र हिजो त्यसरी नै हुर्किंदै आयो । तर, त्यसमा सरकारले कत्ति खुट्टा कमाउनु हुँदैन । नोकरी गर्नेहरूले जनताको नोकर हुने हो, आफैंलाई मालिक बनाउने होइन भन्ने बुझाउनै पर्छ । जनताका गुनासाका आधारमा कारबाही गर्ने र कडाभन्दा कडा सजाय पनि दिने व्यवस्था कर्मचारीहरूलाई गर्न चिरेको जरुरी छ । होइन भने कर्मचारीले आफू मालिक र सेवाग्राहीलाई दासको व्यवहार गर्न छोड्ने छैनन् । दलतन्त्रमा फसेको कर्मचारीतन्त्रमा भएका थुप्रै असल, योग्य र सक्षम कर्मचारीहरूको मनोबल उच्च हुने र योग्यता, इमान्दारीको मूल्य हुने प्रणाली बसाउनै पर्छौनत्र जुन जोगी आएपनि कानै चिरेको उखान चरितार्थ हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बाबियाचौरमा बस्ति संरक्षण योजना कार्यान्वयनमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ बैशाख

म्याग्दी नदीको बाढी र कटान नियन्त्रणका लागि मंगला गाउँपालिकाको केन्द्र बाबियाचौरमा बस्ति संरक्षण योजना कार्यान्वयनमा आएको छ ।

मंगला गाउँपालिकाले संघीय सरकारको बिशेष अनुदानमा चालु आर्थिक वर्षदेखि बाबियाचौर-काशेबगर बस्ती संरक्षण योजना सञ्चालन गरेको हो । गत फागुन २६ गते रु. ४२ लाख ३६ हजार आठ सय ९९ मा ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले बाढी र कटान रोकथामका लागि नदी किनारमा पक्की संरचना बनाउने कार्यलाई तीब्रता दिएको छ । मंगला गाउँपालिकाको पूर्वाधार शाखाका प्रमुख रुचेन्द्र अधिकारीले आगामी असार १० गतेसम्म ठेक्काको म्याद रहेको योजनाको हालसम्म ५० प्रतिशत भन्दा बढी भौतिक प्रगति भएको जानकारी दिनुभयो । बाबियाचौर बजारतर्फ म्याग्दी नदी किनारको ६८ मिटर दुरीमा ‘कम्पोजित’ प्रबिधीको पर्खाल भैरहेको छ । नदीको सतह भन्दा भित्रबाट तीन मिटर अग्लो पक्की ढलान र त्यसमाथी थप तीन मिटर अग्लो ग्याबियन पर्खाल निर्माण हुनेछ् ।

तीन सय छ घनमिटर पक्की र चार सय आठ घनमिटर ग्याबीयन पर्खाल निर्माण गर्न लागिएको हो । यसैगरी काशेबगर तर्फ छ सय १२ घनमिटर ‘बोल्डर’ (ठूला ढुङ्गा थुपार्ने) काम हुनेछ् । दुई सय ५० भन्दा बढी घरपरिवारको बसोबास रहेको बाबियाचौर मंगला गाउँपालिकाको केन्द्र हो । पछिल्लो समय बाबियाचौरमा बस्ति विस्तारले तिब्रता पाएको छ । उत्तरपुर्वबाट बगेर आउने म्याग्दी नदीको कटान र बाढीका कारण जोखिममा परेको बाबियाचौर लगायतका तटीय क्षेत्रका बस्ति संरक्षण योजनालाई निरन्तरता दिनका लागि संघीय सरकारसँग आगामी बर्षमा पनि योजना र बजेट माग गरिएको मंगला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो ।

# घुम्तीगोठबाट पर्यटकीयस्थलमा परिणत भएको दोभान



**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ बैशाख

वरपर भिरालो पाखा । पाखाभरी जङ्गल । जङ्गलको पूर्व र उत्तरतर्फ अग्ला हिमालबीच भागमा समथर चौर । शान्त र एकान्त वातावरण । चराको चिरविर आवाज । घरपालुवा पशुहरूको घुम्ती गोठ ।

म्याग्दीको धवलागिरी गाउँपालिका-४ मा रहेको दोभान मनमोहक र रमणीय छ । करिब २० वर्षअघि बगरका बासिन्दाले बर्खायाममा घुम्ती पशुगोठ राख्ने थलोमा सिमित दोभान पछिल्लो समय धौलागिरि चक्रीय पदमार्गको गन्तब्यका रूपमा विकास हुन थालेको छ । समुन्द्री सतहदेखि तीन हजार मिटर उचाइमा रहेको दोभान पछिल्लो समय घुम्ती पशुगोठ राख्ने खर्कबाट पर्यटकीयस्थलमा रुपान्तरण भएको स्थानीयबासी लक्ष्मण घर्तीले बताउनुभयो । “धौलागिरि चौथोको फेदबाट बगेर आउने कुनावाङ र धौलागिरि पहिलोबाट आउने म्याग्दी नदी मिसिने भएकाले दोभान नामाकरण भएको यो ठाउँ केही वर्षअघिसम्म खर्कमा सिमित थियो,” उहाँले भन्नुभयो, “धौलागिरि हिमाल आरोहण र चक्रीय धौलागिरि पदमार्ग भएर म्याग्दी हुँदै मुस्ताङ जाने पर्यटकले एकरात दोभानमा बिताउन थालेपछि पर्यटकीयस्थलका रूपमा विकास भएको छ ।”

दोभानदेखि एक दिनको पैदलयात्रापछि धौलागिरि हिमालको इटाली आधार शिविर र धौलागिरि चौथो हिमालको फेदमा रहेको कुनावाङ तालमा पुगिन्छ । गोलो आकारको कुनावाङ तालमा पातपतिङ्गर खसेमा चराले टिपेर सफा गर्दै आएको स्थानीय सोम पुनले बताउनुभयो । “कुनावाङ क्षेत्रमा जापानी अनुसन्धानकर्ताले हिममानवको बासस्थानको पनि अध्ययन गरिरहेका छन,” उहाँले भन्नुभयो “बगर हुँदै दोभान जोड्ने सडकको मार्ग खुलेपछि अझै चहलपहल बढेको छ ।”

दोभान नजिकैको पहाडमा मृग, झारल, घोरललगायत वन्यजन्तुको पनि अवलोकन गर्न पाइने पुनले बताउनुभयो । बस्ति देखि टाढा रहेको दोभान प्रकृतिमा रमाउन चाहनेका लागि उपयुक्त गन्तब्य भएको आन्तरिक पर्यटक चिरन्जिवी पौडेलले बताउनुभयो । बसन्तयाममा लालीगुराँस फुलेर रंगिने वनपाखामा बर्खामा बुकी फुल्दा झनै मनमोहक हुन्छ । दोभानमा पर्यटकको सुविधाका लागि दुई वटा होटल छन् । त्यहाँ ५० जना बास बस्न सक्छन् । रातो च्याउ, निगालोको टुसाका परिकारको स्वाद लिन पाइन्छ । म्याग्दीखोला जलविद्युत आयोजनाले बाँध निर्माणस्थल दोभानसम्म पहुँचमार्ग निर्माण गरेपछि त्यहाँ जिप र मोटरसाइकल पुग्न थालेका छन् । धौलागिरि चक्रीय पदमार्गको अन्तिम मानवबस्ती बगरदेखि दोभानस्थित बाँध निर्माण स्थलसम्म नौ किलोमिटर सडकको मार्ग खोलेपछि आवत जावत र ढुवानीमा सहज भएको छ यसअघि बगरदेखि दोभान पुग्न पुरै दिन भिर, जङ्गल र खोल्साको बाटो हिड्नुपर्ने थियो । बेनीदेखि पाँच घण्टामा दोभान पुग्न सकिने भएको छ । पछिल्लो समय विदेशी पर्यटकले मार्फादेखि आधार शिविर जाने पदमार्ग र हेलिकप्टर प्रयोग गर्न थालेपछि चहलपहल घटेको दोभानमा यातायात सुविधा पुगेपछि आन्तरिक पर्यटक घुम्नका लागि आउन थालेका छन् ।

# बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको फुटसल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

बुद्ध विशाल बजार व्यापारिक एशोसियसन पोखराले आफ्ना व्यवसायी बिच दशौं आन्तरिक फुटसल प्रतियोगिता आयोजना गरेको छ ।

ि ल ग क ा ` आधारमा खेलाइएको उक्त फुटसल प्रतियोगितामा राजेश खाडको टिम प्रथम हुदै नगद १७ हजार ५ सय नगद सहित सिल्ड,मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो भने विशाल श्रेष्ठको टिम द्वितीय हुदै नगद  ९ हजार सहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो ।

यस अघि कार्यक्रमको उद्घघाटन गर्दे प्रमुख अतिथि पोखरा महानगरपालिका ४ का वडा अध्यक्ष देवकृष्ण पराजुलीले खेल खेल्नु मनोरञ्जन मात्र नभएर स्वास्थलाई पनि राम्रो हुने भएकोले दिनमा



केही समय खेलकुदको लागि समय व्यवस्थापन मिलाउन व्यवसायी साथीहरूलाई अनुरोध गर्दे बुद्ध विशाल बजार व्यापारिक एशोसियसनलाई पोखरा महानगरपालिका ४ कार्यालयले गर्नुपर्ने सयोगको लागि आफू प्रतिवद्ध रहेको बताए । कर्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका मानार्थ सदस्य तथा सल्लाहकार केशवबहादुर खत्रीले व्यवसायीका हक हितको लागि आफु सदैव लड्ने बताउदै बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले व्यवसायी विच आत्मीयता बढोस भनेर बिगतका वर्षहरूमा झै यो वर्ष पनि फुटसल प्रतियोगिता आयोजना गरिएको बताए ।

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष बुद्धि बहादुर कुँवरको सभापतित्वमा भएको कार्यक्रमको सन्चालन एशोसियसनका महासचिव थमनसिह गुरूङले गरेका थिए भने उपाध्यक्ष मनोहरि पौडेलले स्वागत मन्तव्य राखेका थिए ।

# मदरल्याण्ड माविमा गणित हाजिरीजवाफ

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

पोखरा-७, मासवार स्थित मदरल्याण्ड माविमा गण्डकी प्रदेशस्तरीय गणित हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको छ ।

माध्यमिक शिक्षा परीक्षा (एसइइ) दिएका विद्यार्थीका लागि आयोजित प्रतियोगिता शनिबारदेखि सुरु भएको हो ।

विद्यालयले आयोजना गरेको यो चौंथो संस्करण हो । विद्यार्थीमा गणित शिक्षाको ज्ञान बढाउँदै परीक्षापछि फुर्सदिला भएका विद्यार्थीलाई पाठ्यक्रममा जोड्नका लागि प्रतियोगिता आयोजना गरिएको विद्यालयका प्लस टु इन्चार्ज नारायण आचार्यले बताए । यो बेला विद्यार्थी फुर्सदिलो बनेको र उनीहरुलाई यस्ता कार्यक्रममार्फत अध्ययनमा सक्रिय बनाउन सकिने उनले बताए । आचार्यका अनुसार प्रतियोगितामा विभिन्न ४७ वटा टिमले सहभागिता जनाएका थिए । ती टिममा १ सय ५० जना विद्यार्थी सहभागि छन् । हरेक टिममा २ देखि ३ जनाको दरले विद्यार्थीले प्रतियोगितामा भाग लिएको



आचार्यले बताए ।

‘विभिन्न विद्यालयबाट एसइइ दिएका विद्यार्थीले समूह बनाएर यो प्रतियोगितामा भाग लिएका थिए । विद्यार्थी आफ्नै सक्रियतामा सहभागि थिए,’ आचार्यले भने, ‘यस्ता प्रतिशपर्धामा विद्यार्थीको व्यक्तिगत सक्रियता निकै नै महत्वपूर्ण हुन्छ ।’ एसइइ परीक्षा दिएर फुर्सदिला भएका विद्यार्थीलाई पढाईमा जोड्नका लागि प्रतियोगिता आयोजना गरिएको उनले बताए। पोखरा सहरभित्र र आसपासका जिल्लाबाट पनि विद्यार्थीहरु प्रतियोगितामा सहभागि हुन आएका थिए ।

विद्यालयका प्राचार्य डा. नारायण बरालले विद्यार्थीको अन्तरनिहीत क्षमता प्रस्ट्याउने मौका विद्यालयले दिएको बताए । ‘सबै कुरा पुस्तकमा पढेर मात्र हुँदैन । व्यक्तिगत दक्षता र रुचीमा पनि भर पर्छ । गणित हाजिरीजवाफले विद्यार्थीका अन्तरनिहीन क्षमता बाहिर ल्याउन सघाउँछ,’ बरालले भने, ‘परीक्षा दिएर फुर्सदिला भएका बालबालिकालाई गणितको अभ्यासले उनीहरुलाई सक्रिय बनाईरहन्छ ।’ प्रतियोगितामा प्रथम हुने टिमले ३० हजार रुपैयाँ नगद पुरस्कार पाउनेछन् । दोश्रो हुनेले २० हजार, तेश्रोले १० हजार र चौथोले ५ हजार रुपैयाँ नगद पुरस्कार सहित प्रमाणपत्र पाउनेछन् । मदरल्याण्ड माविमा विज्ञान र व्यवस्थापन तर्फ ११ र १२ कक्षामा अध्यापन हुन्छ ।

# असहाय विद्यार्थीको अभिभावक बन्यो पोखरा वृद्धाश्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

घर, परिवार र आफन्तको सहारा विहीन बनेका समाजका असहाय जेष्ठ नागरिलाई आश्रय दिँदै आएको पोखरा वृद्धाश्रमले यतिखेर एक विद्यार्थीको भविष्य निर्माणको जिम्मेवारी समेत उठाएर मानविय सेवाको उदाहरण प्रस्तुत गरेको छ ।

लुम्विनी प्रदेशको देवदह नगरपालिका वडा नं. ३ मा स्थायी घर भई जानकी माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत समिर चौधरीलाई वृद्धाश्रमले खान, वस्न र पठनपाठनको व्यवस्था गरेको हो । वाल्यकालमै पोखरा आएका आएका समिर साँझ विहान श्रम गरेर पोखरा १५ स्थित सिद्ध माविमा अध्ययन गर्दै आएको अवस्थामा बाल श्रम हननको समाचार प्रकाशित भएपछि उद्धार गरि सिर्जना बालगृहमा राखिएको थियो । विडम्वना उक्त वालगृह पनि बन्द भएपछि समिर फेरि असहज परिस्थितिमा पुगे । उनले जानकी माध्यमिक विद्यालयमा भर्ना भएर पढाईलाई निरन्तरता त दिए, तर खाना र वस्ने स्थायी व्यवस्था नहुँदा कहिले साथीको घर त कहिले अन्यत्र सहारा खोज्दै कष्टकर जीवन विताउन बाध्य थिए । यही अवस्थामा जानकी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बास्तोलाको पहलमा पोखरा वृद्धाश्रमले समिरको अभिभावकत्व ग्रहण गरेको हो ।

अहिले वृद्धाश्रमले उनलाई बस्ने कोठा, खाना तथा विद्यालयको खाजासम्मको व्यवस्था गरिदिनएको छ । समिर भन्छन् “घरमा हजुरआमा हुनुहुन्छ मलाई थाहा छ । तर बुबा आमाको बारेमा केही थाहा छैन । अहिले आश्रमले बस्ने र खाने राम्रो व्यवस्था गरिदिएपछि पढाईमा ध्यान दिन सहज भएको छ । अव मेरो ध्यान पढाइमै केन्द्रित हुनेछ । भविष्यमा समाज र देशका लागि जिम्मेवार नागरिक बनेर सेवा गर्ने चाहाना छ ।” पोखरा वृद्धाश्रमका अध्यक्ष कुशुमकेशव पराजुलीका अनुसार हाल आश्रममा ५५ जना जेष्ठनागरिक आश्रित छन् । हामीले जेष्ठ नागरिकलाई मात्र होइन, सहाराविहीन वनेका अन्य व्यक्तिलाई पनि सक्दो सहयोग गर्दै आएका छौ उहाँले भन्नुभयो समिरको पढाई नरोकिने वातावरण बनाउन सकेकोमा खुशी लागेको छ ।

मानव सेवाकै अर्कोरुप बनेको यो पहलले समाजमा अझै पनि संवेदनशील मन भएका संस्थाहरु बाँचेका छन् भन्ने सन्देश दिएको छ । बृद्धाश्रम केवल जेष्ठ नागरिकको सहारा मात्र नभई असहाय जीवनको भरोसा बन्न सक्दछ भन्ने उदाहरण समिरको व्यवस्थापनले उजागर गरेको छ ।

# कोरलानाकामा खानेपानी समस्या समाधान गरिँदै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २६ बैशाख

(नेपाल-चीन) उत्तरी कोरलानाका क्षेत्रमा शुक्रबार खानेपानी बोरिङ योजनाको शिलान्यास गरिएको छ । लोमान्थाङ गाउँपालिकाको चालु अर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रमअनुसार कोरलानाकाको दशगजा क्षेत्र नजिकै खानेपानीको व्यवस्था मिलाउन बोरिङ खानेपानी योजना कार्यान्वयनमा ल्याइएको हो ।

कोरलानाकाको नेपालतर्फ खानेपानीको व्यवस्था नहुँदा कोरलानाकामा त्रिपाल टाँगेर ब्यापार व्यवसाय चलाएका स्थानीय ब्यापारी, कोरलानाका अवलोकनमा गएका पर्यटक तथा कोरलानाकाबाट आयाता/निर्यात गर्ने ब्यापारी तथा चालकलाई निकै ठुलो समस्या पर्दैआइरहेको थियो । स्थानीय ब्यापारी, पर्यटक र कोरलानाकाबाट आयात/निर्यात गर्ने ब्यापारीलाई खानेपानीको समस्या समाधान गर्न लोमान्थाङ गाउँपालिकाले यसप्रकारको अग्रसरता देखाएको हो ।

कोरला खानेपानी बोरिङ योजनाको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले उद्घाटन गर्नुभयो । सो अवसरमा अध्यक्ष गुरुङले बोरिङ खानेपानी योजनाले नाकामा ब्यापार व्यवसाय गर्ने, कोरलानाकाको अवलोकन गर्न आउने पर्यटक र कोरलानाकाबाट आयात तथा निर्यात गर्ने ब्यापारी लाभान्वित हुने बताउनुभयो । विगतका वर्षमा पनि कोरलानाकामा बोरिङमार्फत खानेपानी व्यवस्था गर्ने प्रयास सफल हुन नसकेपनि यसपटक खानेपानीको योजनाले मूर्तरूपमा पाएको अध्यक्ष गुरुङले बताउनुभयो । खानेपानीको व्यवस्थापन गर्ने गरी गाउँपालिकाले कोरलानाकामा शौचालय निर्माण गरिरहेको बताउनुभयो।कोरलानाकामाबोरिङबाट खानेपानीको व्यवस्था मिलाउन लोमान्थाङ गाउँपालिकाले एशियन कन्ट्रक्सन एण्ड ड्रिलिङ दोलखासँग भ्याटसहित ३० लाख लागतमा सम्झौता गरी योजनाको काम सुरु भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत न्युटर्न लम्सालले जानकारी दिनुभयो ।

कन्ट्रक्सनले कोरलनाकामा बोरिङबाट खानेपानी निकाल्न उपकरणसहित कार्यक्षेत्रमा परिचालन भइसकेको प्रमुख प्रशासकीय अधिकृत लम्सालको भनाइ छ । यसअघि नेपाल-चीन कोरलानाका क्षेत्रमा खानेपानीको व्यवस्था नहुँदा त्यहाका ब्यापारी तथा पर्यटकलाई निकै ठुलो समस्या पर्ने गरेको थियो । नाकामा खानेपानी नहुँदा त्यहाका ब्यापारी तथा पर्यटकले खानेपानी तथा शौचालयन नभएको गुनासो गर्ने गरेका थिए ।

कोरलानाका स्थित २४ नं सीमास्तम्भको दशगजा क्षेत्रमा लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाभित्रका करिव ८० भन्दा त्रिपाल ब्यवसायीले चिनिया समान बिक्री गर्न बसेका छन् । कोरलानाका खुलेको दुई वर्ष बढी बितिसक्दा नाकामा खानेपानी र शौचालयको व्यवस्था हुन सकेको थिएन ।

कोरलानाकाका त्रिपाल ब्यापारीले कोरलानाकादेखि यता उत्तर लोमान्थाङ-२ नेचुङबाट खानेपानी ढुवानी गर्ने गरेका थिए । खानेपानीको योजनाअघि बढेसँगै कोरलानाकाका व्यापारीहरू खुसी भएका छन् ।

# मार्गदर्शन एकेडेमी २५ औँ वर्षमा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख




२०५९ सालमा स्थापना भएको मार्गदर्शन एकेडेमीले निरन्तर रुपमा सञ्चालनमा रहि यस रजत वर्ष मनाइरहेको छ ।

रजत जयन्तीको अवसरमा प्लस टु सकेका विद्यार्थीलाई भर्ना गर्दा २५ प्रतिशत छुट प्राप्त गर्नेछन्। २५ वर्ष अघि ५ जना विद्यार्थीबाट सुरु भएको एकेडेमी अहिले हजारौँ विद्यार्थीको शैक्षिक यात्रामा मार्गदर्शक बन्न सफल भएको छ ।

संस्थाका प्रमुख पुरन श्रेष्ठले एकेडेमीले विद्यार्थीलाई उच्च शिक्षाको निम्ति बाटो देखाउने काम गरेको बताए । मार्ग भनेको बाटो र दर्शन भनेको देखाउने काम रहेको बताउँदै ब्रिज कोर्समार्फत विद्यार्थीलाई एक तहबाट अर्को तहमा लैजाने पुलको काम गरेको उनले बताए । उनले संस्थाले नाम अनुसारको काम गर्दै आएको बताउँदै सेवा मुख्य लक्ष्य बनाएर अगाडि बढेको बताए । उनका अनुसार पिसिएल, ब्याचलर र अन्य कार्यक्रममार्फत १८ हजारभन्दा बढी विद्यार्थी उत्तीर्ण भइसकेका छन् । संस्थाले गुणस्तरीय शिक्षा, शान्त र रमणीय वातावरण, स्मार्ट बोर्डसहितका कक्षाकोठा तथा आफ्नै होस्टलको सुविधा प्रदान गर्दै आएको श्रेष्ठले जानकारी दिए । स्थापनापछि पहिलो वर्ष अमरसिंह स्कुलमा सञ्चालन गरिएको एकेडेमी त्यसपछि नयाँबजारस्थित महेन्द्र माध्यमिक विद्यालयमा तीन वर्ष सञ्चालन भयो । त्यसपश्चात महेन्द्रपुलमा दुई वर्ष सेवा दिएपछि पुनः नयाँबजारमै १२ वर्ष सम्म सञ्चालन गरिएको थियो । २०७६ सालदेखि भने पोखराको रानिपौवामा आफ्नै सुविधा सम्पन्न भवन एसी युक्त कक्षाकोठा, स्मार्ट बोर्ड तथा डिजिटल मल्टिमिडियाबाट तथा होस्टलसहित अध्यापन हुँदै आएको छ । तर पछिल्ला वर्षहमा सरकारी नीतिमा आएको परिवर्तन र जीपीए प्रणालीका कारण विद्यार्थीहरु प्रभावित भएको उनको भनाइ छ । लगनशील र मेहनती भएर लागेमा सफल हुने उनको भनाइ छ। एकपटकको परीक्षाको नतिजाले समग्र भविष्य निर्धारण गर्ने वर्तमान प्रणालीले विद्यार्थीमाथि अन्याय भएको उनको धारणा छ ।

विशेषगरी प्राविधिक तथा स्वास्थ्य विषय अध्ययन गर्न चाहने विद्यार्थीहरु एसईई पछि जिपिएको आधारमा छोनोटले पढने बिद्यार्थी र बिज्र कोर्स संचालकहरु मारमा परेको सञ्चालक श्रेष्ठले बताए ।

'पहिले हजारौँ विद्यार्थी सहभागी हुने क्षेत्र अहिले संकटमा छ । धेरै संस्था बन्द हुने अवस्थामा पुगेका छन् । शिक्षक तथा कर्मचारीले रोजगारी गुमाउने जोखिम बढेको छ,' उनले भने । केही संस्थाले अनलाइन फाराम भर्ने नाममा अत्यधिक शुल्क लिने प्रवृत्ति बढ्दै गएकोप्रति पनि उनले चिन्ता व्यक्त गरे । मार्गदर्शन एकेडेमीले भने न्यूनतम शुल्कमै सेवा प्रदान गर्दै आएको उनले दाबी गरे । उनी थप्छन् "यो भुलभुलैयामा धेरै भन्दा धेरै प्सटु गरेका विद्यार्थीहरु राजधानी तिरै पुगेर ब्रिज कोर्ष गर्न जान्छन् र कमजोर, आर्थिक अवस्था एवंम घर छोड्न नचाहनेहरू मात्र पोखरामा रहँदा पनि अक्सर काठमाडौं पुग्नेलाई भन्दा पोखरामै रहनेले टपेको पनि पाइन्छ । पढ्ने तिनीहरूले कोर्स जहाँ गएर पढे पनि राम्रो पढ्छु भन्नेले पोखरा छोड्नै पर्दैन । उनले झमक कुमारी अल्वर्ट आइन्स्टाइन आदि महान व्यक्तिको उदाहरण दिँदै भन्छन् कि अहिले गौणको कुरा गर्ने हो भने ठाउँ परिवर्तन होइन, कार्यशिलताका साथ मस्तिष्क परिवर्तन गर्ने हो भने सफलता खोज्न अन्त कतै भौंतारिनु पर्दैन पोखरानै उपयुक्त छ । पछिल्लो समय नयाँ सरकार गठन सगैँ परिमाजित नियमले सिइइ परिक्षा र एनएलइएन परिक्षा प्रदेश स्तरिय भएको खण्डमा सवै अभिभावकलाई सहुलियत र खर्च कम हुने सञ्चालक श्रेष्ठको दावी छ ।

सञ्चालक श्रेष्ठले विद्यार्थीलाई संस्था छनोट गर्दा कक्षाको वातावरण, शिक्षकको गुणस्तर र सेवा हेरेर निर्णय गर्न सुझाव दिए । साथै शिक्षा क्षेत्रमा गुणस्तर कायम गर्न सरकारी निकायले प्रभावकारी अनुगमन गर्नुपर्नेमा उनले जोड दिए ।

# पोखरामा फणीश्वरनाथ रेणु र 'सात सातको कथा' परिचर्चा एवम् सिर्जना उत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख



नेपाली लेखक संघ कास्कीको आयोजनामा शनिबार पोखरामा फणीश्वरनाथ रेणु र 'सात सालको कथा' परिचर्चा एवम् सिर्जना उत्सव गरिएको छ ।

पुस्तकका सम्बन्धमा प्रा.डा.कुशुमाकर न्यौपानेले परिचर्चा गर्नुभएको थियो । कार्यक्रममा न्यौपानेले भारतीय लेखक फणीश्वरनाथ रेणुद्वारा लिखित र तुलसी भट्टराईद्वारा अनुवाद गरिएको सात तालको कथा पुस्तकमा नेपालको २००७ सालको क्रान्तिलाई जीवन्त रुपमा चित्रण गरिएको बताउनुभयो । विपी कोइरालासँग १६ वर्षको उमेरमा नै संगत गरेका फणीश्वरनाथ रेणुले पुस्तकमा सात सालको आन्दोलनका क्रममा बिराटनगर, झापा, बीरगंज, भैरहवा, नेपालगञ्ज, भोजपुर, इलाम धरान, धनकुटा लगायतका जिल्लामा भएका घटनाक्रमलाई रिपोर्ताज (रिपोर्टिङ) शैलीमा प्रस्तुत गर्नुभएको उहाँले जानकारी दिनुभयो । कार्यक्रमका सभापति एवम् नेपाली लेखक संघ कास्कीका अध्यक्ष कमल पौडेल(अथक) ले साहित्यका विविध पक्षलाई उजागर गर्नुका साथै सिर्जनात्मक कार्यक्रमहरू संघको प्राथमिकतामा रहेको बताउनुभयो । संघका सचिव रोशन तिमल्सिनाले सञ्चालन गर्नुभएको कार्यक्रममा गुरुङ चलचित्रका महानायकका रुपमा परिचित ताराबहादुर गुरुङको राष्ट्रियताले ओतप्रोत भएको प्रस्तुति देखाउनुभएको थियो । कार्यक्रममा संघका उपाध्यक्ष चन्द्रवती वाग्ले, लक्ष्मण थापा, वसन्त चालिसे, प्रा.डा चन्द्रबहादुर गुरुङ, धर्मराज अल्पायु, लक्ष्मी थापा, मुक्तिप्रसाद रेग्मी, ढुण्डीराज ज्ञवाली, शंकर ज्ञवाली लगायतले आ आफ्ना रचना वाचन गर्नुभएको थियो ।

# सृजना सेकेण्डरी स्कुलमा सदन विभाजन तथा क्याप्टेन चयन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख



पोखरा महानगरपालिका वडा नं. ८ सृजनाचोकमा अवस्थित सृजना सेकेण्डरी स्कुलमा शुक्रवारीय कार्यक्रम अन्तर्गत यही वैशाख २५ गते शुक्रवारका दिन नेपाल जुनियर रेडक्रस सोसाइटी, सृजना मा.वि.को व्यवस्थपनमा सदन विभाजन कार्यक्रम सम्पन्न भएको छ ।

शैक्षिक सत्र २०८३ मा आयोजना हुने विभिन्न अतिरिक्त क्रियाकलापहरूमा विद्यार्थीहरूबिच प्रतिस्पर्धा गराउने उद्देश्यका साथ कक्षा १ देखि १० सम्मका विद्याथीहरूलाई क्रमशः हरियो, पहेंलो, रातो र निलो गरी चार सदनमा विभाजन गरिएको थियो । हरियो सदनको क्याप्टेनमा कक्षा १० न्युटनकी राजश्री अधिकारी र नौ आइन्स्टाइनकी सदीक्षा आचार्य भाइस क्याप्टेनमा चयन भए त्यसैगरी पहेंलो सदनबाट सदन क्याप्टेनमा कक्षा १० न्यूटनकी सुस्मिता शर्मा र भाइस क्याप्टेनमा कक्षा नौ न्यूटनका असल भण्डारी चयन भएका छन् । यसै गरी रातो सदनमा कक्षा १० न्यूटनकी निकिता अधिकारी क्याप्टेन र नौ डार्विनकी सलिना रेग्मी भाइस क्याप्टेनमा चयन भएका छन् । यसैगरी निलो सदनको क्यापटेनमा १० न्युटनकी विद्या खड्का र भाइस क्याप्टेनमा कक्षा ९ न्युटनका पल्लव तिवारी चयन भएका छन् । वर्षैभरी सञ्चालन गरिने विभिन्न अतिरिक्त क्रियाकलापहरूमा विद्यार्थीहरूलाई सहजीकरण गरी प्रतिष्पर्धाको भावना विकास गराउनका लागि शिक्षकहरूलाई समेत विभिन्न सदनमा विभाजन गरिएको थियो । जसअन्तर्गत पहैंलो सदनको सदन शिक्षक प्रमुखमा विष्णुप्रसाद सुवेदी, रातो सदनमा सन्तोष पौडेल, हरियो सदनमा आलम गिर खान र निलो, सदनमा विश्व बन्धु काफ्लेलाई चयन गरिएको थियो । विद्यार्थीहरूलाई जिम्मेवार कर्तव्यनिष्ठ, लगनशील एवम् प्रतिष्पर्धी बन्दै आआफ्नो सदनलाई अगाडि बढाउन हौसला मिलोस् भन्ने उद्देश्यले सम्पूर्ण सदन प्रमुख तथा सहप्रमुख विद्यार्थीहरूलाई विद्यालयका सल्लाहकार कृष्णप्रसाद घिमिरेले टीका लगाई सपथ समेत गराउनुभएको थियो ।

यस कार्यक्रमको सञ्चालन विद्यालयको अतिरिक्त क्रियाकलाप प्रमुख गौतम तामाङले गर्नुभएको थियो । त्यसैगरी शैक्षिक सत्र २०८३ का लागि स्कुल क्याप्टेनमा कक्षा १० न्यूटनका आशिष पौडेल र स्कुल भाइस क्याप्टेनमा कक्षा ९ आइन्स्टाइनकी सुभेक्षा थापा चयन भएको कुरा विद्यालयका शिक्षक सुरेन्द्र काफ्लेले जनाए ।

# माउन्ट अन्नपूर्ण छैटौ एसईई फेष्टको समापन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख




छैटौ माउन्ट अन्नपूर्ण एसईई स्पोट्स फेष्टको शुक्रवार समापन भएको छ । पोखरा ३ नदिपुर भिसि मार्गमा रहेको बिद्यालयले एसइई परीक्षा दिएर बसेका विद्यार्थीहरूको खाली समयलाई रचनात्मक र सिर्जनात्मक रूपमा सदुपयोग गर्ने उद्देश्यले छैटौ माउन्ट अन्नपूर्ण एसईई स्पोट्स फेष्ट आयोजना गरेको हो ।

३ दिन सम्म चलेको फेष्टमा छात्र भलिवल,छात्र छात्रा बाष्केटबल र टेवल टेनिसका खेलहरु भएको बिद्यालयका प्रिन्सिपल सइन्द्रराज श्रेष्ठले बताए । खेल अन्तरगर्त छात्र बाष्केटबल तर्फ रघुगंगाले उपाधि हासिल गर्दा माउन्ट अन्नपूर्ण (मास)ले दोस्रो स्थान प्राप्त गरेको हो । त्यस्तै छात्रा बाष्केटबल तर्फ माउन्ट अन्नपूर्ण (मास)ले उपाधि हासिल गर्दा मर्दिखोलाले दोस्रो स्थान प्राप्त गरेको हो । छात्रतर्फको बाष्केटबलको विजेताले ३० हजार र उपविजेताले २० हजार रुपैयाँ प्राप्त गर्दा छात्रा तर्फको बिजेताले क्रमशः १५ हजार र १० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको इसिए डाइरेक्टर तेज बहादुर गुरुङले बताए । त्यस्तै छात्र भलिवल तर्फ उपाधि पोखरा यूनाइटेडले जित्न सफल भएको छ भने म्याग्दी गलेश्वर टिमले दोस्रो स्थान प्राप्त गरेको हो । उपाधि जितेको यूनाइटेडले २० हजार प्राप्त गर्दा दोस्रो भएको गलेश्वरले १० हजार रुपैया प्राप्त गरेको हो ।

त्यस्तै छात्रा भलिवल तर्फ पोखरा यूनाइटेड बि पहिलो र पोखरा यूनाइटेड ए ले दोस्रो स्थान प्राप्त गर्दा उनिहरुले क्रमश १५ हजार र १० हजार रुपैयाँ प्राप्त गरे । छात्र टेवल टेनिस तर्फ एकल विधामा प्रतिस्पर्धामा वेलनन एकेडेमिका दिपनिसान शाहि पहिलो हुदा,सगरमाथा स्कुलका स्वर्निम तिमिन्सिनाले दोस्रो स्थान प्राप्त गर्न सफल भएका हुन् । उनिहरुले क्रमश ५ हजार र उपविजेताले ३ हजार प्राप्त गरेको इसिए डाइरेक्टर गुरुङले उल्लेख गरे । प्रतियोगिताको छात्र बाष्केटबल तर्फ मस्ट् भ्यालुएबल प्लेयर रघुगंगाका सचिन पुन हुदा हाई स्कोरर माउन्ट अन्नपूर्ण (मास)का सुजन पुनले प्राप्त गरे । त्यस्तै बाष्केटबल छात्रा तर्फ मस्ट् भ्यालुएबल प्लेयर माउन्ट अन्नपूर्ण (मास) कि अनिता गुरुङले प्राप्त गरिन भने हाई स्कोररको उपाधि मर्दिखोलाकि सरोना श्रेष्ठले हात पारिन् । त्यस्तै छात्र भलिवल तर्फ वेष्ट प्लेयर पोखरा यूनाइटेडका निशान नेपालीले प्राप्त गर्दा छात्रा तर्फ पोखरा यूनाइटेड बि कि रसिला आलेले प्राप्त गर्न सफल भएकि हुन् । प्रतियोगितामा सहभागी हुने सबै विद्यार्थीहरू २०८२ सालको एसइई परीक्षा दिएर बसेका बिद्यार्थीहरु भएको प्सटु कोअडिनेटर तथा कार्यक्रम संयोजक गोबिन्द सुवेदीले बताए ।

प्रतियोगिताको मूल उद्देश्य विद्यार्थीहरूलाई खेलकुदमार्फत अनुशासन, सहकार्य, आत्मविश्वास र स्वस्थ प्रतिस्पर्धाको भावना विकास गराउनु रहेको र यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै जाने प्रशासक चित्र गुरुङले बताए । गण्डकी प्रदेशकै पहिलो निजी तहबाट सञ्चालित विद्यालयको रुपमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयले बिगत १७ बर्ष देखि म्यानेजमेन्ट,होटल म्यानेजमेन्ट र माउंटेनियरिंङ बिषयमा कक्षा १२ सम्म पढाई हुदै आइरहेको छ । बिद्यालयले यसै वर्षदेखि कम्प्युटर साइन्सको पनि पढाइ शुरु गर्न लागेको छ ।

# रेडक्रसद्वारा महेन्द्र माविलाई त्रिपाल हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख



नेपाल रेडक्रस सोसाईटी उपशाखा पोखरा १९ ले महेन्द्र मावि घार्मीलाई त्रिपाल हस्तान्तरण गरेको छ ।

विश्व रेडक्रस दिवसका अवसरमा शुक्रबार विद्यालयमा एक कार्यक्रमको आयोजना गरी उपशाखाले ३ थान पाल हस्तान्तरण गरेको हो । कार्यक्रममा उपशाखाका सभापति रमेश विश्वकर्मा, रेडक्रस अभियन्ता श्यामसुन्दर आचार्यले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लेखनाथ लामिछाने, निमित्त प्रधानाध्यापक नन्दराज दाहाल र निवर्तमान प्रधानाध्यापक बासुदेव पौडेललाई सो सामाग्री हस्तान्तरण गरे । सभापति विश्वकर्माले रेडक्रस मानविय सेवाका क्षेत्रमा केन्द्रित रहेको बताउँदै, विद्यालयको आवश्यकता अनुसार सहयोग गरिएको बताए । व्यवस्थापन समितिका अध्यक्ष लामिछानेले रेडक्रसले उपलब्ध गराएको सहयोगप्रति आभार व्यक्त गर्दै, विद्यालयमा पनि जुनियर रेडक्रस सर्कल क्रियाशिल रहेको जानकारी गराए । कार्यक्रममा निमित्त प्रधानाध्यापक नन्दराज दाहाल, निवर्तमान प्रधानाध्यापक बासुदेव पौडेल, अभियन्ता श्यामसुन्दर आचार्य, माधव गौतम,शिक्षक सरद सापकोटा लगायतले विद्यालयको मञ्च व्यवस्थापनमा सहयोग पुग्ने बताए ।सो अवसरमा विद्यालय क्षेत्र वरपर सरसफाई पनि गरिएको उपशाखाले जनाएको छ । मानव सेवामा सर्मपित रेडक्रसले त्यस वडाका बिभिन्न क्षेत्रमा सहयोग गर्दै आईरहेको छ ।